नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०७९/१०/१० गते मंगलवारका दिन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीज्यू र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय श्री सुशिला सिर्पाली ठकुरीज्यूले पर्यटन विभाग, भृकुटीमण्डपमा निरीक्षण भ्रमण गरी विभागका महानिर्देशकबाट ब्रिफिङ्ग प्राप्त गरी विविध विषयहरुमा छलफल गर्नुभयो। उक्त अवसरमा विभागका तर्फबाट गरिएको प्रस्तुतीकरण मार्फत विभागको कार्यक्षेत्र, विभाग मार्फत सम्पादन हुने कार्यहरु, कार्य सञ्चालनको अवस्था, विभागले भोग्नुपरेका समस्या लगायतका विषयहरुका बारेमा छलफल भएको थियो।

विभागको प्रस्तुतीकरण पश्चात माननीय मन्त्रीज्यूले नेपालका मौलिक संस्कृतिलाई पर्यटनसँग जोडी दिगो पर्यटनको आधार तयार गर्न निर्देशन दिनुभयो । पर्यटन क्षेत्रलाई प्रविधिमैत्री बनाउन र Digital Tourism प्रवर्द्धन गर्ने पर्यटन सम्बन्धी App निर्माण गर्न, पदयात्रा तथा पर्वतारोहणलाई थप सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन Expedition Tracking system प्रयोगमा ल्याउन निर्देशन दिनुभयो । साथै माननीय राज्यमन्त्रीज्यूले नेपालमा विद्यमान सांस्कृतिक, धार्मिक तथा सामाजिक विविधता, लुम्बिनी तथा पशुपति क्षेत्रजस्ता धार्मिक **सम्पदाहरु, मौलिक** सम्पदाहरु, सगरमाथा लगायतका हिमशिखरजस्ता प्राकृतिक सम्पदाहरु लगायतका **सम्पदाहरुको** उचित विकास तथा प्रवर्द्धन मार्फत पर्यटनलाई समृद्धिको मेरुदण्डका रुपमा स्थापना गर्न ठोस **कार्यक्रम अघि बढाउन** निर्देशन दिनुभयो।

मितिः २०७९/१०/१०

(राजेन्द्र कुमार के.सी.)
प्रवक्ता/सहसचिव